# मिति २०७६ आश्विन २९ गते बसेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १ :** राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं को प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/ कार्यक्रम प्रस्ताव सम्बन्धी मिति २०७६/०६/०७ मा प्रकाशित सूचना बमोजिम समपुरक तथा विशेष अनुदान कार्यक्रम अन्तर्गत आ.व. ०७६/७७ का लागि तपशिलमा उल्लेखित कार्यकम स्विकृतिका लागि राष्ट्रिय योजना आयोग ,सिंहदरबार,काठमाडौं लाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल :**

**बिशेष अनुदान तर्फ :**

| सि.नं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | फोहरमैला ब्यवस्थापनका लागि कलेक्सन सेग्रीगेसन, कम्पोष्टिगं तथा सेलिंग सहितको ब्लक तथा अन्य पूर्वाधार निर्माण कार्य आयोजना | वडा नं. ५, नुकलीपुर | १,३०,००,०००। | नगरको फोहर ब्यवस्थापन कार्यक्रम |
| २ | सामुहिक आवास भवन निर्माण | वडा नं. ७, मगर टोल | १,२५,००,०००। | न्यून आयस्रोत भएको साथै पिछडिएको वस्ती |
| ३ | लोपोन्मुख राजी वस्तीको सामुदायिक भवन निर्माण | वडा नं. १, राजी वस्ती | १,००,००,०००। | समदायको वैठक लगायत अन्य सामुदायिक कार्यक्रमको लागि पूर्वाधार निर्माण |
| | **जम्मा** | | **३,५५,००,०००।** | |

**समपुरक अनुदान तर्फ :**

| सि. नं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको म्याचिगं रकम रु. | नेपाल सरकार अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | टीकापुर बृहत बंगला पार्कको घेरापर्खाल निर्माण आयोजना | वडा नं ५ | १, ४०,००,०००। | ७०,००,०००। | ७०,००,०००। | नगरकै पहिचानको रुपमा रहेको ऐतिहासिक पर्यटकीय क्षेत्र |
| २ | दौलतपुरघाटमा शवदाह गृह निर्माण आयोजना | वडा नं. ५ | १,१०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | ब्यवस्थित शवदाह गृह नभएको |

टीकापुर नगरपालिका, टीकापुर, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

... प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बाल विकास र पर्यटन प्रबर्द्धनका लागि वाल उद्यान र सौर्य मण्डल नमूना निर्माण आयोजना | वडा नं. १ | १,१०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | |
| ४ | वडा नं. ४ को वडा कार्यालय जन प्रकाश प्रा.वि. जाने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं ४ | १, १०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक विद्यालय जोड्ने सडक |
| ५ | रामपुर चौराह देखि हिमालय मा.वि. घिया हुँदै अम्वासा जाने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं. ३ | १, १०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | सामुदायिक विद्यालय लगायत ३ वटा वडा र छिमेकी पालिका जोड्ने सडक |
| ६ | सूर्यपुर हुलाकी सडक देखि वटनपुर वडा कार्यालय हुँदै खक्रौला भन्सार जोड्ने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं ८ | १, १०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | वडा कार्यालय , हुलाकी सडक लगायत मूल भन्सार जोड्ने सडक रहेको |
| ७ | करुणा ईंगलिस बोर्डिङ्ग देखि सितापुर मिलन चोक हुँदै विजय नगर जाने सडक कालोपत्रे निर्माण आयोजना | वडा नं. २ | १, १०,००,०००। | ५५,००,०००। | ५५,००,०००। | पिछडिएको वस्ती तथा सामुदायिक वन जोड्ने सडक |
| ८ | नगरपालिकाको मूख्य प्रशासनिक भवन परिसरमा बगैचा निर्माण | वडा नं. १ | १,००,००,००० | ५०,००,०००। | ५०,००,०००। | वातावरण प्रबर्द्धन तथा सौन्दर्यता कायम गर्न |
| ९ | बनगाउँ दक्षिणपुरुवा देखि वडा नं. ३ को सीमानामा रहेको पुल सम्म जोड्ने बाटो | वडा नं. १ | १,००,००,००० | ५०,००,०००। | ५०,००,०००। | २ वटा वडालाई जोड्ने सडक |
| | **जम्मा** | | १०,००,००,०००। | ५,००,००,०००। | ५,००,००,०००। | |

प्रमुख

**निर्णय नं. २ :** टीकापुर नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६ संशोधन गर्नुपर्ने भएकोले उक्त कार्यविधिको खण्ड ३ अन्तर्गत आवश्यक कागजातहरुमा तपसिल बमोजिमको ढाँचामा अनुसूचि –२ बमोजिमको परिचय पत्र थप गर्ने ।

**निर्णय नं. ३ :** टीकापुर नगरपालिका उपप्रमुख अनाथ तथा असहाय छात्रबृति कार्यविधि , २०७६ स्वीकृत गरियो ।

**निर्णय नं. ४ :** यस नगरपालिकाको आ.व. ०७५/०७६ को कृषि तर्फ वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत बोरिङ्ग सेट जडान कार्यक्रम संचालनका लागि कार्यालयबाट प्रकासित सूचना बमोजिम उपभोक्ताहरुबाट लागत सहभागिता ब्यहोरिएको भएतापनि बोरिङ्ग जडान सम्बन्धी लागत अनुमानमा छुट हुन गएको सम्बन्धमा कार्यपालिकाको कार्यालयको मिति २०७६/०६/२७ को निर्णयानुसार आवश्यक पर्ने रु. २ लाख ७० हजार चालु आ.व. ०७६/०७७ को भैपरि पूंजिगत बजेट शिर्षकबाट विनियोजन गरी सम्बन्धित समूहलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ : क)** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतियोगिता सुदूरपश्चिम कार्य समितिले समाजमा रहेका विसंगतिहरुलाई न्यूनिकरण गर्ने उद्देश्यले लागु पदार्थ दुर्व्यशनी सम्बन्धि चेतनामुलक एकल तथा दोहोरी गीत प्रदर्शन कार्यक्रमका लागि कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गरेकोमा भैपरी आउने चालु शिर्षकबाट रु. ३५,०००। (पैतिस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**ख)** वडा नं. ४ बाट वडामा संचालित विभिन्न संस्कृति प्रबर्द्धन सम्बन्धि कार्यक्रमका लागि (दशै मिलन) का लागि रकम उपलब्ध गराईदिन अनुरोध भई आएकोमा आ.व. ०७६/०७७ का लागि विभिन्न दिवस , सभा, समारोक, उत्सव तथा संस्कृति प्रबर्द्धन शिर्षकमा विनियोजित बजेट बाट रु. १५,०००। (पन्ध्र हजार) उपलब्ध गराउने ।

टीकापुर नगरपालिका
टीकापुर
सुदूरपश्चिम

नगर प्रमुख

## निर्णय नं. २ को स्वीकृत अनुसूचि

अनुसूचि- २

टीकापुर नगरपालिका

नगरकाकार्यपालिकाको कार्यालय

टीकापुर ,कैलाली

सुदुरपश्चिम प्रदेश

हाम्री छोरी प्यारी छोरी लाभग्राही परिचय- पत्र

[redacted]

परिचयपत्र नं. :

लाभग्राहीको नाम :

**जिल्ला** : कैलाली  टीकापुर **न.पा.**  वडा नं. ................टोल........

जन्ममिती :  जन्मदर्ता नं. ..........

बाबुको नाम :  नागरिकता नं. :  सर्म्पक नं. :

आमाको नाम :  नागरिकता नं. :  सर्म्पक नं :

कार्यक्रम लागु हुने आ. व. :  कार्यक्रम सम्पन्नहुने आ.व. :

संरक्षकको नाम:  ना.प्र नं. :  सर्म्पक नं. :

संरक्षकको हस्ताक्षर :

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदुरपश्चिम

नगर प्रमुख

परिचयपत्र प्रमाणित गर्नेको

ह्स्ताक्षर:

नाम, थर :

पद :

मिती :